# वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा ।
गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विक्रीका लागि आय ठेक्का सम्बन्धी ७ दिने सूचना

तेस्रो पटक पुनः सूचना प्रकाशित मिति २०८१।०८।२६ गते

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र यस वालिङ नगरपालिकाको आन्तरिक आय संकलन तथा आय ठेक्का बन्दोबस्ती सम्बन्धी कार्यविधि, २०७७ को व्यवस्था बमोजिम नगरसभाबाट स्वीकृत भए बमोजिम तपसिलमा उल्लेखित नदी/खोलाहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी वालिङ नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले तपसिल बमोजिमका शर्तहरूको अधिनमा रही आय ठेक्का प्रक्रियामा सहभागी हुन सम्बन्धी सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क.स | ठेक्का नं. | ठेक्का नाम (विवरण) | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम आय ठेक्का रकम मु.अ.कर बाहेक | धरौटी रकम | फाराम खरिद दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | ३/२०८ १/०८२ | सुकौंदी पुलको मापदण्ड देखि बायाँखोलाको दोभान बाहविसे सम्म | ५०३२ | १५९८११२/- | ४२३४९/- | ३०००।० |
| २ | ४/२०८ १/०८२ | बायाँखोलाको दोभान तल देखि गल्याङ न.पा सिमाना सम्म | ७४६४ | २३७०४९१/- | ६२८१८/- | ३००० ।० |

शर्तहरु:

१) फर्मको हकमा आ व २०८१।०८२ को लागि नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, यस कार्यालयको नेपाल बैंक लि. वालिङ शाखामा रहेको यस कार्यालयको खाता नं ०८३०३००००१००१००००००१ मा जम्मा गरेको बैंक भौचर वा राजस्व शाखामा नगदै रु.३००० तिरेको रसिद साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र बैंक जम्मा गरेको बैंक भौचर संलग्न राखी दर्ता गर्न सकिनेछ। आफूले बोलकबोल गरेको अंकको धरौटी वापतको रकम यस कार्यालयको नेपाल बैंक लि. वालिङ शाखामा रहेको धरौटी खाता नं ०८३०३००००००३००००००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौंचर वा ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बैंक जमानत १२० दिनको म्याद भएको विड बण्ड पेश गर्नु पर्नेछ ।

२) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन् र रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको २ बजे देखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता

२०८१/०८/२६
लेखा अधिकृत

वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन् । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

३) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन् बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । बोलपत्र दर्ता गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा दर्ता गर्न सकिन्छ ।

५) आय ठेक्का स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउन पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको नाममा २०८२ साल जेष्ठ १५ गते सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्द बन्ड) समेत पेश गरी पट्टा उठाउन पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक सो वा शूल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउन पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन पर्नेछ ।

६) तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस वालिङ नगरपालिका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ कानून तथा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

७) **बोलपत्र फारम खरिद/दर्ता गर्ने समय:**

| | | |
|---|---|---|
| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय: २०८१।०९।०२ कार्यालय समय भित्र | बोलपत्र दर्ता गर्ने अन्तिम मिति: २०८१।०९।०३ गते, समय: १२:०० बजे भित्र | बोलपत्र खोल्ने मिति २०८१।०९।०३ गते समय: २:०० बजे |

२०८१।०८।२५
लेखा अधिकृत